प्रशिक्षण हाते पुस्तिका

कृषिमा बालश्रम विरुद्ध सचेतन अभियान

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
केन्द्रीय कार्यालय काठमाडौं
२०५७

भूमिका

नेपालमा दश लाख भन्दा बढी बाल श्रमिकहरू रहेको तथ्य विभिन्न स्रोतहरूबाट ज्ञात भएको छ। अझ यसमा आफ्नै घरभित्र गरिने वा घरायसी कामधन्दामा संलग्न अनगिन्ती बालबालिकाहरूको संख्या छुटेको छ, किनभने घरभित्र वा घरधन्दा वा घरायसी कार्यमा संलग्न हुने कामलाई स्वभाविक मानिने र त्यसलाई श्रमको रूपमा नहेर्ने चलन छ। यसका साथै असंगठित क्षेत्र (जस्तै कृषि) १ जना भन्दा कम श्रमिक भएका व्यवसाय, फार्महरू, निर्माण सम्बन्धी व्यवसायहरू, अनौपचारिक काम लगाउने ठेकेदारहरू, बाल देह-व्यापार, आदि क्षेत्रलाई समेट्ने हो भने यो संख्या अझ धेरै बन्न सक्दछ।

वालश्रम सम्बन्धमा विश्वमा तथा प्रजातन्त्रको पुनर्स्थापना पश्चात् नेपालमा पनि निकै चर्चा परिचर्चा हुनुका साथै केही कामहरू भएका छन्। यति भएपनि अत्याधिक बाल श्रमिकहरू रहेको कृषि वा ग्रामीण क्षेत्रमा त्यस्तो खास अध्ययन, अनुसन्धान तथा बाल श्रमसम्बन्धी कार्यक्रमहरू पुग्न सकिरहेको छैन। त्यसमाथि कृषिलाई जोखिमपूर्ण पेशाको रूपमा ठहर गरिनुले यस क्षेत्रमा संलग्न बालबालिकाहरूको हकहितको निम्ति ठोस प्रयास चाल्नु अपरिहार्य भएको परिप्रेक्षमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले कृषि बालश्रम उन्मूलन सम्बन्धी कार्यक्रम अन्तरगत व्यापक तालिम संचालन गर्न प्रशिक्षक प्रशिक्षण आयोजना गऱ्यो। यस कार्यक्रमको केन्द्र कमैया प्रथा तथा बँधुवा कृषि मजदूर कार्यक्रम संचालित जिल्लाहरू- सर्लाही, महोत्तरी, कपिलवस्तु, दाङ, बाँके, बर्दिया, कैलाली र कंचनपुरलाई लिएका छौं।

यसै सन्दर्भमा यस तालिमका लागि यो प्रशिक्षक हाते पुस्तिका तयार गरिएको छ। यस कार्यमा इन्सेकद्वारा संयोजित सल्लाहकार समिति, दातृ संस्था डेनिस सेन्टर फर ह्युमन राईट्सका सहकर्मीहरू, परामर्श गोष्ठीका सहभागीहरू, प्रशिक्षक प्रशिक्षणका सहभागीहरू तथा स्रोत व्यक्ति र सहजकर्ता चित्र निरौलाको योगदान उल्लेखनीय छ।

सबै पाठक मित्रहरूसित यसमा भएका कमी र त्रुटी औंल्याई यसलाई सुधार्न सहयोग गरिदिनु हुन हार्दिक आग्रह गर्दछौं।

रमेशकुमार पौडेल
तालिम शाखा

तालिम कार्यक्रम

दिन	क्रियाकलाप	विषय	समय
	०१	उद्घाटन	००:१५
	०२	परिचय	००:४५
	०३	अपेक्षा संकलन	००:३०
	०४	तालिमको उद्देश्य	००:४५
१.	०५	तालिमका नीति नियमहरू	००:३०
	०६	बालक के हो ?	००:४५
	०७	बालश्रम	०१:००
	०८	बालश्रमका कारण र असरहरू	०२:००
	०९	पुनरावलोकन	००:३०
२	००२	प्रारम्भ	००:३०
	०३	कृषि मजदूर र न्यूनतम ज्याला अभियान	०२:००
	०४	कृषि क्षेत्रमा बालश्रमको पृष्ठभूमि	०१:३०
	०५	कृषि क्षेत्रमा बालश्रमको अवस्था	०१:३०
	०६	कृषि बालश्रमको क्षेत्र र फैलावट	०१:३०
		पुनरावलोकन	००:३०
	०१	प्रारम्भ	००:३०
	०२	अन्तर्राष्ट्रिय र क्षेत्रीय मापदण्डहरू	०२:००
	०३	राष्ट्रिय मापदण्डहरू	०१:३०
३	०४	उद्देश्य वृक्ष	०१:३०
	०५	एड्भोकेसी	०१:३०
	०६	पुनरावलोकन	००:३०
४	०१	प्रारम्भ	०१:००
	०२	संचार	०२:००
	०३	अनुगमन	०१:३०
	०४	कार्ययोजना ढाँचा	०१:००
	०५	कार्ययोजनाका निम्ति विषय छनौट	०१:००
	०६	पुनरावलोकन	००:३०
५	०१	प्रारम्भ	००:३०
	०२	प्राथमिकता निर्धारण	०१:३०
	०३	कार्य योजना तर्जुमा	०२:००
	०४	अनुगमन	०१:३०
	०५	अनुगमन संयन्त्र स्थापना	०१:३०
	०६	समापन	००:३०

दिन १। क्रियाकलाप ०१	उद्घाटन	१५ मिनेट

उद्देश्यः

- सहभागीहरूद्वारा प्रशिक्षणको सामुहिक र सहभागितात्मक उद्घाटन तथा आयोजकद्वारा प्रशिक्षणको परिचयसाथ स्वागत भएको हुनेछ ।

क्रियाकलाप

- प्रशिक्षण कार्यक्रमको सभाध्यक्ष स्वरूप सहभागीहरू बीचबाट एक जनालाई चयन गर्न अनुरोध गर्ने तथा अतिथिहरूलाई आसन ग्रहण गराउने ।
- कार्यक्रमको व्यानरलाई ढाकेर राखेको पर्दा तान्ने डोरी सबै सहभागीहरूको हातमा दिने र विस्तारै एकैसाथ तान्न भन्ने । ताली बजाउने ।
- आयोजकले "परम्परागत" उद्घाटनमा कार्यक्रम असम्बन्धित नेता वा अधिकारीद्वारा प्रारम्भ गरिने र "सहभागितात्मक" उद्घाटनमा सहभागीहरूद्वारा नै सामूहिक प्रारम्भ गरिने भएकोले यस विधिले हाम्रो सामूहिक प्रयासबाट नै प्रशिक्षण कार्यक्रम सफल हुने संकेत गरेको अर्थ खुलाउने ।
- आयोजकहरूको तर्फबाट स्वागत गर्ने। संभव भए कुनै सामूहिक वा स्वागत गीत गाउने ।
- कार्यक्रम संचालकहरूबाट कार्यक्रमको छोटो परिचय दिने ।
- अतिथिहरूबाट संक्षिप्त मन्तव्य व्यक्त गराउने
- सभाध्यक्षद्वारा धन्यवाद ज्ञापनका साथै उद्घाटन समारोह सम्पन्न भएको घोषणा गर्ने ।

सामाग्री

- उद्घाटन व्यानर
- पर्दा
- डोरी
- सेफ्टी (पिन १) वटा
- मास्किङ्ग टेप
- टेप डिस्पेन्सर

दिन १। क्रियाकलाप ०२	परिचय	४५ मिनेट

उद्देश्यः

- प्रशिक्षणका सहभागीहरू, स्रोत व्यक्तिहरू तथा सहयोगीहरू एक आपसमा घुलमिल हुने वातावरणमा परिचित भएका हुनेछन् ।

क्रियाकलाप

- सबै सहभागीहरूलाई मञ्चतिर खुला राखी अर्ध-गोलाकार रूपमा बस्न आग्रह गर्ने ।
- सबै सहभागीहरूलाई नोट कापी, कलम, आदि सामाग्री वितरण गर्ने
- सहभागीहरूलाई सानो कागजको टुक्रामा आफ्नो नाम र थर लेख्न भन्ने तथा संकलन गर्ने । सबैलाई पट्याएर पुनः वितरण गर्ने । आफ्नै नाम भए फर्काएर अर्को लिन लाउने ।
- आफूसित भएको टुक्रामा रहेको नाम भएको व्यक्ति खोजी उनको ठेगाना, मन पर्ने कुरा, मन नपर्ने कुरा, रूची र अन्य विषय बारे जानकारी लिन लाउने ।
- क्रमशः आफ्नो साथीको परिचय सबैसित गराउने । बीचमा सिक्री चुँडिएमा बाँकी रहेका मध्ये कुनै एकजनालाई परिचय गराउन लाउने ।
- सबैको नाम-पर्चा (Name tag) टाँस्न लाउने ।

सामाग्री

- नोट कापी, कलम, आदि वितरण गर्ने सामाग्री
- नाम-मर्चा
- पर्मानेन्ट कार्मर
- साइन पेन
- बोर्ड मार्कर
- सेतोपाटी
- उपस्थिति पुस्तिका

दिन १। क्रियाकलाप ०३	अपेक्षा संकलन	३०मिनेट

उद्देश्यः

- सहभागीहरूले यस तालिमप्रति राखेका अपेक्षा वा यसबाट पाउन आशा गरेका कुरा संकलन गरी वर्गीकरण भएको हुनेछ ।

क्रियाकलाप

- सबैलाई आ-आफ्नो नोट कापीमा "यस तालिमबाट के के पाउने आशा लिएर आउनुभएको छ ?" भन्ने लेख्न लाउने । एक वाक्यमा एक आशा मात्र लेख्नुपर्ने कुरा बताउने ।
- प्रत्येकलाई १।१वटा भन्न लाउने र दोहोरिएको भन्नु नपर्ने बताउने । त्यसलाई बाक्यांश वा बुँदामा बनाएर सेतो पाटीमा लेख्ने ।
- सबैको सकिएपछि वर्गीकरण गर्दै जाने (जस्तैः बालक के हो ? बालश्रम के हो ? बाल श्रम उन्मूलन कार्यक्रम, इन्सेकवारे, आदि)र साथै यस तालिमसित सान्दर्भिक नभएको कुरा यहाँ छलफल नहुने प्रष्ट पर्ने । सबै न्यूजप्रिन्टमा सार्ने र टाँस्ने।
- सबैलाई तालिम कार्यक्रमको १।१ प्रति हेण्डआउट वितरण गरी आयोजनको अपेक्षा यही हो भनेर हाम्रो अपेक्षा उस्तै उस्तै भएको बताउँदै केही हेरफेर गर्नु पर्ने भए गर्ने ।

सामाग्री

- सेतोपाटी
- बोर्डमार्कर
- न्युजप्रिन्ट कागज
- पर्मानेन्ट मार्कर
- पेपर टेप
- कैंची

दिन १। क्रियाकलाप ०४	कार्यक्रम र तालिमको उद्देश्य	४५ मिनेट

उद्देश्यः

- सहभागीहरूले कृषि बाल मजदूर सम्बन्धी कार्यक्रम सम्बन्धमा जानकारी पाएका हुनेछन् र यस प्रशिक्षणको उद्देश्य बुझेका हुनेछन् ।

क्रियाकलाप

- नेपालमा बालश्रम सम्बन्धी निम्न तथ्याङ्क OHPबाट प्रदर्शित गरी प्रष्ट पार्ने
  - नेपालको जनसंख्या (१ करोड ८४ लाख) मध्ये १० लाख बाल बालिकाहरू कठिन परिस्थितिमा काम गर्छन्। उनीहरू गलैंचा कारखाना, ईंटा भट्टा, घरेलु नोकर, कृषि, निर्माण, यातायात, खानी, आदिमा न्यूनतम् ज्याला वा ज्याला बेगरै खान र लाउनका लागि दासत्व-सरहको अवस्थामा कार्य गर्छन्। उनीहरू पढ्ने लेख्ने, खेल्ने र मानसिक, शारीरिक, भावनात्मक र सामाजिक विकासका सबै अवसरहरूबाट वञ्चित छन् । यसमध्ये कृषि पेशा खतरनाक भएको साबित भएको छ र बँधुवा वा कमैया प्रथाले त झन् पीडित तुल्याएको छ ।
  - जनसंख्याको ८०.३ % कृषिमा आश्रित छन् ।कृषि क्षेत्रमा बालश्रमको अधिकतम् उपयोग हुने तथा ग्रामीण क्षेत्रबाट धेरै बालबालिकाहरूलाई गलैंचा, निर्माण, होटेल, घरेलुनोकरी र देह व्यापारमा लगिन्छ ।
  - कृषि क्षेत्र अनौपचारिक र असंगठित श्रम क्षेत्र हुनाले कृषि श्रम सम्बन्धी सरकारको ठोस नीति नियमहरूको अपर्याप्तता र अभाव समेत छ ।
  - कृषि क्षेत्रका बाल श्रमिकहरूको संख्या धेरै हुनु, उनीहरूको अवस्था अत्याधिक जोखिमपूर्ण हुनु र यस तर्फ सबैको ध्यान आकृष्ट गरी बाल श्रम शोषण अन्त्य गर्न अत्यावश्यक भएकोले यस सम्बन्धी कार्यक्रम संचालन गरिएको छ ।
- इन्सेकको कृषि क्षेत्रमा रहेको बालश्रम सम्बन्धी कार्यक्रमको उद्देश्य OHP बाट प्रदर्शित गरी प्रष्ट पार्ने

  - कृषि बालश्रम सम्बन्धी इन्सेकको कार्यक्रमको दीर्घकालीन उद्देश्य "कृषि क्षेत्रमा रहेको बालश्रम शोषणको अन्त्य र बालश्रमको न्यूनीकरण तथा बालअधिकार र श्रमिक अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको कार्यान्वयन प्रवर्द्धन"रहेको छ ।

    यसको प्राप्तिका लागि निम्न तात्कालिक उद्देश्यहरू तय गरेको छ :
    - कृषि क्षेत्रमा रहेको जोखिमयुक्त र शोषणयुक्त बालश्रमको निराकरण गर्नका लागि स्थानीय - गा.वि.स. वा जि.वि.स. तहमा कार्ययोजना निर्माण भएका हुनेछन् ।
    - स्थानीय तहका नेताहरू, शिक्षकहरू, वकिलहरू र अन्य तत्वहरूका लागि सचेतन अभिवृद्धि अभियान संचालन भएका हुनेछन् ।
    - कृषि क्षेत्रका बाल श्रमिक तथा बालश्रम उपयोगकर्ताहरूको अनुगमन निम्ति स्थानीय संयन्त्र निर्माण भएका हुनेछन् र
    - स्थानीय तहको बजेटबाट केही निश्चित प्रतिशत रकम श्रमिक बालबालिकाहरूको आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने व्यवस्थाको स्थापना भएका हुनेछन् ।
- इन्सेकको उपर्युक्त जोखिमपूर्ण र शोषणयुक्त बालश्रमको निराकरण तथा बालश्रमको न्युनीकरण सम्बन्धी कार्यक्रम अन्तर्गत यस प्रशिक्षणको उद्देश्य निम्न रहेको OHP बाट प्रष्ट पार्ने
  - स्थानीय तह (गा.वि.स. तथा जिल्ला) मा कृषिमा रहेको जोखिमपूर्ण र शोषणयुक्त बाल श्रम निराकरण सम्बन्धी कार्य योजना स्थापनार्थ अभियान संचालन भएका हुनेछन्

- *ढस्थानीय तहको बजेटको केही निश्चित प्रतिशत रकम आधारभूत शिक्षामा श्रमिक* बाल बालिकाहरूलाई छुट्याउने व्यवस्था निम्ति अभियान संचालन भएका हुनेछन् ।
- कृषि क्षेत्रका बाल श्रमिकहरू तथा बालश्रम उपयोगकर्ताहरूमा बाल अधिकार तथा बालश्रम सम्बन्धी कानूनहरू सम्बन्धी अनुगमन संयन्त्रको पहल र स्थापना भएका हुनेछन् ।
- कृषि क्षेत्रको जोखिमपूर्ण तथा शोषणयुक्त बाल श्रम अन्त्यका लागि स्थानीय अभियानहरू संचालन भएका हुनेछन् ।

<u>सामाग्री</u>

- ओभरहेड प्रोजेक्टर
- ट्रान्सपरेन्ट फिल्म
- ट्रान्सपरेन्ट पेन
- साइन पेन

दिन १। क्रियाकलाप ०५	नीति नियम	३० मिनेट

उद्देश्यः

- सहभागीहरूद्वारा प्रशिक्षणको नीति नियम निर्माण गरेका हुनेछन् ।

क्रियाकलाप

- "यस तालिम सफल पार्न तपाई कसरी सहयोग गर्न सक्नु हुन्छ ?" भन्ने प्रश्न राखी सबैलाई भन्न लाउने र प्राप्त जवाफहरू न्यूजप्रिन्ट कागजमा टिप्ने ।
- समयको पालना गर्ने, पालै पालो बोल्ने, आदि जस्ता मुख्य कुरा आइसकेपछि यी नियम हामीले नै बनाएको हुनाले हामीले पालना गर्नु पर्ने र त्यो भए नभएको सभाध्यक्षले हेर्ने र लागु गराउने भन्ने प्रष्ट पार्दै ताली बजाउन लाउने ।
- निम्न समय तालिका टाँसी छलफल पछि हेरफेर गर्नुपर्ने भए गर्ने :

  - चिया ०६:३०
  - चिया नास्ता ०७:३० ०८:००
  - तालिम (विहानी सत्र) ०८:३० ११:३०
  - खाना १३:३० १२:३०
  - तालिम (दिउँसो सत्र) १२:३० ०३:३०
  - चिया र हलुका नास्ता ०३:३० ०४:००
  - तालिम (बेलुकी सत्र) ०४:०० ०६:००
  - खाना ०७:०० ०८:००

- तालिम अपेक्षा र उद्देश्य अनुरूप तालिम संचालन गर्न सहभागीहरूबाटै संचालन समिति गठन गर्न आवश्यक भएको चर्चा गर्दै दिन दिनै पालो फेर्दै जाने प्रष्ट पारी नाम प्रस्ताव गर्न लगाई पहिलो दिनको समिति बनाउने र साथै प्रत्येकको काम प्रष्ट पार्नेः

  १. सभापति
  २. प्रतिवेदक
  ३. मूल्याङ्कन कर्ता
  ४. समय सचेतक
  ५. मनोरञ्जन
  ६. व्यवस्थापक

सामाग्री

- पर्मानेन्ट मार्कर
- न्युजप्रिन्ट कागज
- बोर्ड मार्कर
- पेपर टेप
- कैंची

दिन १। क्रियाकलाप ०६	बालक के हो?	४५ मिनेट

उद्देश्यः

- सहभागीहरूको बालक सम्बन्धी समझदारीमा अभिवृद्धि भएको हुनेछ ।

क्रियाकलाप

- मस्तिष्क मन्थन
  - सहभागीहरूलाई "बाल्यकाल के हो?" वा "बालक के हो?" भन्ने विषयमा आ-आफ्ना विचार भन्न लाउने।
  - प्राप्त विचारहरू न्यूजप्रिन्टमा टिप्ने। तत्काल छलफल गर्न वा वादविवाद गर्न नदिने ।
  - विचारहरू आउन छोडेपछि ओभरहेड प्रोजेक्टरबाट निम्न कुरा देखाई प्रष्ट पार्ने र आवश्यकता अनुसार छलफल गर्ने :

बालक के हो? बाल्यकाल के हो?

- बाल अधिकार सम्बन्धी महासन्धीले १८ वर्ष मुनिको मानिसलाई बालक भनेको छ (धारा १)
- नेपालको बालबालिका ऐनले १६ वर्षसम्मको अवस्थालाई बालक काल भनेको छ ।
- नेपालको श्रम ऐनले पनि १६ वर्ष मुनिको मानिसलाई बालक भनेको छ ।
- बालक भनेको ठूलाले गर्न सक्ने जस्तो काम गर्न नसक्ने शारीरिक, मानसिक, आदि क्षमता परिपक्व नभएको अवस्थालाई बुझाउने चलन छ ।
- बालकाल वा बालकलाई छुट्याउन उमेरको हद तोक्ने चलन छ । तर एउटै देशमा पनि शहर र बजार, विपन्न र सम्पन्न, आदि विभिन्न कारणहरूले बालकको क्षमता र परिपक्वतामा असर पुऱ्याउँछन्।
- नेपालको बालबालिका ऐन र श्रम ऐनले १४ वर्ष मुनिकालाई काममा लाउन बन्देज गरी "नाबालक" र १४ वर्ष भन्दा माथिकालाई रोजगारीमा लाउन मिल्ने व्यवस्था गरी "किशोर" भनेर छुट्याएको छ।
- बालकको उमेरको हद तोक्ने चलन बालबालिकाहरूको क्षमता र जिम्मेवारी सम्बन्धमा समाजको निर्णयको प्रतिविम्व हो भन्ने युनिसेफ (१९९७) को मान्यता छ ।
- बाल विकासका विभिन्न चरणहरू छन् र ती पनि वातावरणबाट प्रभावित हुन्छन् भन्ने विशेषज्ञहरूको राय छ।
- न्यूनतम रूपमा पनि शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक सामाजिक आधारभूत आवश्यकता परिपूर्ति गर्न परिवार, समाज वा राष्ट्रको संरक्षण र पथ प्रदर्शन आवश्यक हुने अवस्था नै बालककाल हो ।

सामाग्री

- बाल अधिकार सम्बन्धी महासन्धी
- नेपाल बालबालिका ऐन र नियमावली
- श्रम ऐन
- बाल बिकासको चरण सम्बन्धी चित्र श्रृंखला
- ओभरहेड प्रोजेक्टर
- ट्रान्सपरेन्ट फिल्महरू
- ओ.एच.पी. कलम
- पर्मानेन्ट मार्कर
- न्युजप्रिन्ट कागज
- पेपर टेप
- बोर्ड मार्कर
- कैंची
- स्केल (लामो)

दिन १। क्रियाकलाप ०७	बालश्रम	१ घण्टा

उद्देश्यः

- सहभागीहरूले बाल बालिकाले गर्ने काम, बालश्रम तथा जोखिमपूर्ण र शोषणयुक्त बालश्रम सम्बन्धमा बुझेका हुनेछन्

क्रियाकलाप

- "श्रम के हो?" भन्ने विषयमा मस्तिष्क मन्थन गराउने र प्राप्त जवाफहरू न्यूजप्रिन्टमा बुँदागत रूपमा टिप्ने
- सारांश स्वरूप निम्न निस्कर्ष ओभरहेड प्रोजेक्टरबाट व्याख्या गर्ने र छलफल गर्दै प्रष्ट पार्ने।

श्रम

- सबै कामहरू श्रम होइनन् तर सबै श्रम काम हुन्।
- श्रमले जीविकोपार्जन तथा अथोपार्जनका लागि गरिने विशेष कामको प्रतिनिधित्व गर्छ ।
- श्रम आर्थिक प्रयोजनका लागि अथवा बस्तु वा सेवा उत्पादन गर्न प्रयोग गरिन्छ ।
- श्रमको मूल्य हुन्छ (यो मूल्य उत्पादित वस्तु वा सेवाको गुण र मात्रा अनुसार निर्धारित हुन्छ)
- श्रम उत्पादनको एउटा महत्वपूर्ण साधन हो।

- "बाल श्रम" भनेको के हो? भन्ने विषयमा मस्तिष्क मन्थन गराउने र प्राप्त जवाफहरू बुँदागत रूपमा न्यूजप्रिन्टमा टिप्ने ।
- सारांश स्वरूप निम्न निस्कर्ष ओभरहेडबाट व्याख्या गर्ने र छलफल गर्दै प्रष्ट पार्नेः

बालश्रम

- बालबालिकाहरूको पढ्ने लेख्ने, मनोरञ्जन गर्ने, आराम गर्ने र खेल्ने कुरामा बाधा नपारिकन उनीहरूको शारीरिक, बौद्धिक, संवेगात्मक, नैतिक र सामाजिक विकासमा सहयोग पुऱ्याउने कामहरू बालश्रम होइनन्। यस्ता कामलाई "लाभदायक"भन्न सकिन्छ । तसर्थ यिनलाई "बालबालिकाको काम" र त्यस्तो काम गर्नेलाई बाल कामदार वा मजदूर (Child Worker) भन्न सकिन्छ ।
- बालबालिकाहरूको पढ्ने लेख्ने, मनोरञ्जन गर्ने, आराम गर्ने र खेल्ने कुरामा बाधा पुगी उनीहरूको शारीरिक, बौद्धिक, संवेगात्मक, नैतिक र सामाजिक विकासमा नकारात्मक असर पऱ्याउने कामहरू बालश्रम हुन् । यस्ता कामलाई "असह्य वा शोषणात्मक वा खतरापूर्ण वा हानिकारक" भन्न सकिन्छ । तसर्थ यिनलाई "बालश्रम र त्यस्तो काम गर्नेलाई "बालश्रमिक" (Child Labourer) भन्न सकिन्छ ।
- अन्तर्राष्ट्रिय श्रम संगठन (१९९५)ले बालकको कामलाई "बालकका लागि अनुभवीय सिकाईको संभाव्यता भएको सिकारू अवस्था भएको र हुर्कने, बढ्ने प्रक्रियालाई हानि नपुऱ्याउने काम" तथा बालश्रमलाई "स्वाभाविक रूपमा शोषणयुक्त तथा बालकको हुर्कने, बढ्ने प्रक्रियालाई हानि पुऱ्याउने र बाल बचाउ, विकास, संरक्षण र सहभागिता सम्बन्धी अधिकारबाट बञ्चित गर्ने काम" भनेको छ ।

बालश्रम शोषणत्मक हुने अवस्था

- ज्यादै कलिलो उमेरमा पूरा समय काम गर्ने
- धेरै लामो समयसम्म काम गर्ने
- अनुचित शारीरिक, सामाजिक र मनोवैज्ञानिक दवाब पर्ने
- सडकमा बस्नु र काम गर्नु पर्ने
- अपर्याप्त पारिश्रमिक (तलब) पाउने
- ज्यादै धेरै उत्तरदायित्व पर्ने
- शिक्षा प्राप्त गर्न बाधा पर्ने
- दासत्व वा बाँधाश्रम र यौन शोषण जस्ता बालबालिकाहरूको मर्यादा र स्वाभिमानलाई ध्वंश गर्ने
- पूर्ण सामाजिक र मनोवैज्ञानिक विकासलाई क्षति पुऱ्याउने
- काम र औजारको तुलनामा उमेर सानो भए
- काम दिक्क लाग्दो र एकोहोरो भए तथा उनीहरूको विकासलाई उत्प्रेरित गर्ने नभए
- काम गर्ने वातावरण खतरनाक भए।

(स्रोतः युनिसेफ तथा इन्न्यु)

जोखिमपूर्ण बालश्रमका अवस्था

- पेशागत जोखिम (जस्तै कृषिमा कीटनाशक र तृणनाशक विषादि तथा प्रांगारिक जैविक धूलो बाट अपाङ्ग हुने, रोगी हुने वा मर्ने, गह्रौं भारी बोकी शरीरमा हानि पुग्ने ,आदि)
- कार्यस्थलमा हुने खतरा (मेसिनहरूबाट अपाङ्ग हुने वा मर्ने, लडेर अपाङ्ग हुने वा मर्ने, विषालु जनावरबाट मारिने, जनावर र औंजारहरूको प्रहारबाट अपाङ्ग हुने वा मर्ने , आदि)
- शिक्षा, मनोरञ्जन, आराम, आदि अवसरहरूबाट बञ्चित हुने ।

सामाग्री

- ओभरहेड प्रोजेक्टर
- बोर्डमार्कर
- न्युजप्रिन्ट कागज
- पर्मनिन्ट मार्कर
- पेपर टेप
- कैंची
- ओ.एच. पी. कलम
- ट्रान्सपरेन्ट फिल्म

दिन १। क्रियाकलाप ०८	बालश्रमका कारण र असरहरू	२ घण्टा

उद्देश्यः

- सहभागीहरूले बालश्रमका कारणहरू र असरहरूको विश्लेषण गरी नेपाली समाजमा यसको गहिरोपन र गम्भीरता बुझेका हुनेछन् ।

क्रियाकलाप

- तीन समूह विभाजन गरी मुक अभिनय गर्न लाउने (अनुसूची)।
- अभिनय प्रदर्शन पछि निम्न प्रश्नका आधारमा छलफल गर्नेः
  - के भइरहेको थियो?
  - कारण के थियो?
  - असर के भयो?
  - त्यस्तो किन भयो?
  - को जिम्मेवार छ?
- निम्न अवस्था प्रष्ट पार्नेः
  - सार्कको रावलपिण्डी घोषणा अनुसार "४० करोड जनसंख्या भएको दक्षिण एशियामा ९ करोड बालबालिकाहरू खेत, कृषि फर्म, कारखाना, घरायसी नोकरी र वेश्यालयमा अत्यन्त लामो समयसम्म कष्टसाध्य काम गरी नारकीय जीवन विताइरहेका छन् तथा अनैतिक उद्देश्यका लागि बेचबिखन मार्फत भारतमा ५ लाख भन्दा बढी केटीहरू यौनकर्मीका रूपमा छन् र प्रतिवर्ष ४५०० नेपाली केटीहरू भारतमा र त्यति नै बंगलादेशी केटीहरू पाकिस्तानमा बेचिन्छन् ।
  - रावलपिण्डी घोषणा अनुसार नेपालका २० लाख बाल बालिकाहरू अति जोखिमपूर्ण र बँधुवा श्रमिकको रूपमा काम गर्छन् ।
  - नेपालमा बालश्रमको अवस्था विश्लेषण (१९९७) अनुसार ६ देखि १४ वर्षका बालबालिकाहरू मध्ये ग्रामीण क्षेत्रका ७१ प्रतिशत, शहरी क्षेत्रका ५२ प्रतिशत र बँधुवा परिवारका ६३ प्रतिशत केटाकेटीहरू काम गर्छन् ।
  - नेपालमा बालश्रमको अवस्था विश्लेषण अनुसार ६ देखि १४ वर्षका बालबालिकाहरूमध्ये ग्रामीण क्षेत्रका ६ प्रतिशत, शहरी क्षेत्रका १२ प्रतिशत र बँधुवा परिवारका ३५ प्रतिशत केटाकेटीहरू गैर-घरायसी (घर बाहिरको) काममा तथा ग्रामीण क्षेत्रका ९४ प्रतिशत, शहरी क्षेत्रका ८८ प्रतिशत र बँधुवा परिवारका ६५ प्रतिशत केटाकेटीहरू घरायसी काममा संलग्न छन् ।
  - नेपालको बालश्रमको अवस्था विश्लेषण अनुसार ६-१४ वर्षका बालबालिका मध्ये गरीबीको कारणले ४६ प्रतिशत ग्रामीण क्षेत्रका, २९ प्रतिशत शहरी क्षेत्रका र ८९ प्रतिशत बँधुवा परिवारका केटाकेटीहरू काम गर्छन्, त्यस्तै अभिभावकको दवाबका कारणले ३६ प्रतिशत ग्रामीण क्षेत्रका, २० प्रतिशत शहरी क्षेत्रका र ८ प्रतिशत बँधुवा परिवारका केटाकेटीहरू काम गर्छन् तथा आफ्नै इच्छा वा रूचीले ग्रामीण क्षेत्रका १० प्रतिशत, शहरी क्षेत्रका २१ प्रतिशत र बँधुवा परिवारका १ प्रतिशत केटाकेटीहरू काम गर्छन् ।
  - नेपालमा बालश्रमको अवस्था विश्लेषण अनुसार ग्रामीण क्षेत्रका ४० प्रतिशत शहरी क्षेत्रका ४३ प्रतिशत र बँधुवा परिवारका ७४ प्रतिशत बालबालिका घरेलु नोकर, होटल र रेष्टुरा, पसल आदि सेवा क्षेत्रमा काम गर्छन् । कृषि क्षेत्रमा ग्रामीण क्षेत्र र बँधुवा परिवार प्रत्येकको २४ प्रतिशत बालबालिका काम गर्छन् । निर्माण सम्बन्धी काममा शहरी क्षेत्रका १८ प्रतिशत बालबालिका संलग्न छन् ।लैंगिक आधारमा ग्रामीण क्षेत्रमा १० प्रतिशत, शहरी क्षेत्रमा १८ प्रतिशत, र बँधुवा क्षेत्रमा २३ प्रतिशत महिलाहरू बढी काम गर्छन् ।

- ☞ *नेपालमा बालश्रमको अवस्था विश्लेषण अनुसार* घर बाहिरको श्रममा ग्रामीण क्षेत्रका ५० प्रतिशत,शहरी क्षेत्रका ४० प्रतिशत र बँधुवा परिवारका ७ प्रतिशत बालबालिका दैनिक ५ घण्टा भन्दा कम समय काम गर्छन् ।
- ☞ नेपालमा बालश्रमको अवस्था विश्लेषण अनुसार ग्रामीण क्षेत्रका ६७ प्रतिशत र शहरी क्षेत्रका १२ प्रतिशतले प्रति महिना रू ५०० भन्दा बढी कमाउँछन् । ग्रामीण क्षेत्रको तुलनामा शहरी क्षेत्रका बालबालिकाहरूले आनुपातिक रूपममा राम्रो तलब पाएको देखिन्छ । लैंगिक हिसाबमा ग्रामीण क्षेत्रमा पुरूषको तुलनामा धेरै महिलाहरूको रू ५०० प्रति महिना भन्दा कम आर्जन गर्छन् । ग्रामीण क्षेत्रमा काम गर्ने बालबालिकाहरूले खाना, कपडा र आश्रय सुविधासहित मासिक रू ४० कमाउँछन् तथा उक्त सुविधा बाहेक रू ८०० कमाउँछन् भने शहरी क्षेत्रमा उक्त सुविधा सहित रू २५० कमाउँछन् ।
- ☞ नेपालमा बालश्रमको अवस्था विश्लेषण अनुसार घरायसी श्रममा दैनिक २ घण्टाका दरले काम गर्ने ग्रामीण क्षेत्रमा ५८ प्रतिशत र शहरी क्षेत्रमा ७० प्रतिशत छन् । बँधुवा परिवारका आधाभन्दा केही बढीले दैनिक साँढे तीन घण्टा काम गर्छन् । दैनिक ७ घण्टाका दरले काम गर्ने बँधुवा कमैया परिवारका १६ प्रतिशत, ग्रामीण क्षेत्रका ४ प्रतिशत र शहरी क्षेत्रका २ प्रतिशत छन् ।अरूको घरमा काम गर्ने बालबालिकाहरूले दैनिक ९ घण्टा काम गर्ने कुरा बताएका छन् । बँधुवा परिवारमा बालबालिकाहरूको कार्य घण्टा विहानदेखि साँझसम्म रहेको छ ।

- ➢ कक्षालाई समस्या वृक्षको ओभरहेड प्रोजेक्टरबाट उदाहरण देखाइ बुझाउने (अनुसूची २) को हेण्डआउट वितरण गर्ने ।
- ➢ कक्षालाई ४ समूहमा विभाजन गरी प्रत्येक समूहलाई निम्म १।१ विषय दिई समस्याका कारण असरहरू केलाउन लाउने (न्युजप्रिन्ट कागजमा):
  - ☞ कृषि कार्यमा (घर बाहिर) बालश्रम
  - ☞ ग्रामीण क्षेत्रमा गैर कृषि कार्यमा बालश्रम
  - ☞ आफ्नै घरायसी धन्दा बालश्रम
  - ☞ ग्रामीण क्षेत्रबाट अन्य क्षेत्रमा आप्रवासी बालश्रम
- ➢ प्रस्तुती र छलफल गराउने ।
- ➢ सारांश गर्नेः
- ➢ सहभागीहरूबाट प्रस्तुत भएका छलफलमा आएका कुराहरूको सार खिच्ने ।

- ☞ गरीबी, आजीविका, परिवारको अर्थोपार्जन वा भरण पोषणमा मद्दत, अभिभावकहरूको दबाव उत्रराधिकार, घोका ठगी, आय आर्जनको विकल्प नहुनु, स्वाभाविक ठान्नु, चेतनाको कमी, सस्तो दबाउन सकिने आदि कारणहरू हुन सक्छन् ।
  यसलाई चार महत्वपूर्ण श्रेणीमा राख्न सकिन्छः
  १. गरीबी
  २. पूर्खाहरूको उत्तराधिकार
  ३. गलत धारणा
  ४. धोका
- ☞ बालश्रमको असर स्वरूप बाल्यपनको हरण, शोषण, उत्पीडन, अशिक्षा, विभिन्न पेशागत रोग, अपाङ्गता, मृत्यु, तथा शोषित, उत्पीडित, गरीब र अशिक्षित बालबालिकाहरूको अभिभावक बन्ने भीषण चक्रको निरन्तरता, मानव मूल्य तथा स्वाभिमानलाई ध्वंश गर्ने, आदि ।

  यसलाई तीन श्रेणीमा राख्न सकिन्छः

१. बालबालिकाहरू मै हुने शारीरिक, बौद्धिक, नैतिक, संवेगात्मक र सामाजिक विकासमा अवरोध,
अपाङ्गता, मृत्यु
२. गरीबी, शोषण, उत्पीडन र अशिक्षाको भीषण चक्रको निरन्तरता
३. मानव मूल्य, स्वाभिमानको विनाश ।

सामाग्री

- सेतो पाटी
- बोर्डमार्कर
- मुक अभिनयका लागि कथाहरू (अनुसूची १)
- समस्या वृक्षको उदाहरण (ट्रान्सपरेन्ट फिल्म र हेण्डआउट) (अनुसूची २)
- ओभरहेड प्रोजेक्टर
- ओभरहेड कलम
- न्युजप्रिन्ट कागज
- पर्मनिन्ट मार्कर

दिन १। क्रियाकलाप ९	पुनरावलोकन	३० मिनेट

उद्देश्यः

- सहभागीहरूले दिनभरिको कक्षाको समीक्षा गरी महत्वपूर्ण सिकाइहरूबारे लेखाजोखा गरेका हुनेछन् ।

क्रियाकलाप

- विहानदेखि के के गऱ्यां भनी सोध्ने र पालै पालो भन्न लाउने । प्राप्त उत्तरहरू सेतोपाटीमा टिप्दै जाने ।
- महत्वपूर्ण क्रियाकलाप सम्बन्धमा के छलफल भयो वा के निस्कर्ष निकालियो भन्ने बताउन लाउने ।
- आजको कक्षा पूरा भएको जानकारी गराई धन्यवाद दिने ।
- सभाध्यक्षद्वारा तालिम भोलि बिहानसम्मका लागि स्थगन भएको घोषणा गराउने ।

सामाग्री

- सेतोपाटी
- बोर्डमार्करहरू
- डस्टर

दिन २। क्रियाकलाप ०१	प्रारम्भ	३० मिनेट

उद्देश्यः

- सहभागीहरूद्वारा अघिल्लो दिनको कक्षाको स्मरण र मूल्याङ्कन गरी अर्को दिनको वातावरण तयार गरेका हुनेछन् ।

क्रियाकलाप

- सभाध्यक्षद्वारा अर्को दिनको कार्यक्रम सुरू भएको घोषणा गर्दै स्वागत गर्ने।
- गत दिनको प्रतिवेदन तथा मूल्याङ्कन सुनाई छलफल गर्नु पर्ने भए गराई सच्याउने ।
- संचालन समिति पुर्नगठन गर्ने र दायित्व हस्तान्तरण गराउने ।

सामाग्री

- संचालन समितिको फर्मेट
- पर्मानेन्ट मार्कर

दिन २। क्रियाकलाप ०२	अन्तराष्ट्रिय र क्षेत्रीय मापदण्डहरू	२ घण्टा

उद्देश्यः

- सहभागीहरूले बालश्रम सम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरू तथा सार्क क्षेत्रीय प्रतिवद्धताबारे जानकारी पाएका हुनेछन् ।

क्रियाकलाप

- "आवश्यकता र चाहना" खेल खेलाउनेः
  - ४ समूह बनाउने
  - खेलको १।१ सेट प्रत्येक समूहलाई दिने (अनुसूची ३)
  - खेल खेल्ने तरिका प्रपट पार्ने र खेलाउने
    - खेलको प्रत्येक सेटमा २० वटा चित्र छन् र ४ वटा खाली कोठा छन् ।
    - प्रत्येक चित्र सम्बन्धमा छलफल गरी बालबालिकाहरूका आवश्यकता र चाहना छुट्याउने। ४ वटा खाली कोठामा २ वटा आवश्यकता र २ वटा चाहनाको चित्र बनाएर वा लेखेर थप्ने १६ वटा आवश्यकतालाई ठीक (✔) चिन्ह लाउने र ८ वटा चाहनामा कट्टी (✔) चिन्ह लाउने ।
    - न्युजप्रिन्ट कागजमा एकापट्टि "आवश्यकता" अर्कोपट्टि "चाहना" लेखी चित्रहरू टाँस्न लाउने
    - आवश्यकता मध्ये पनि ८ वटा नभै नहुने आवश्यकता छुट्याएर दोहोरो ठीक (✔ ✔) चिन्ह लाउने भन्ने ।
  - बालबालिकाहरूको अपरिहार्य आवश्यकता सम्बन्धी चित्र देखाई प्रष्ट पार्नेः

बाल आवश्यता

१. बचावट



३. विकास

- बालबालिकाहरूको आवश्यकता नै बाल अधिकार हो भन्ने कुरा प्रष्ट पार्ने
- बालश्रम तथा बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानूनहरू र सार्क क्षेत्रीय प्रतिवद्धता सम्बन्धमा छलफल गर्न ४ समूहमा विभाजन गर्नेः

- समूह १ - मानव अधिकारको विश्वव्यापी घोषणा
- समूह २ - बाल अधिकार महासन्धी
- समूह ३ - अन्तराष्ट्रिय श्रम संगठनको महासन्धी १३८
- समूह ४ - रावपिण्डी र कोलम्बो घोषणा

(यी घोषणा र महासन्धीहरूमा बालश्रम सम्बन्धी बुँदाहरू केलाउनु पर्ने कुरा प्रष्ट पार्ने)

➢ प्रस्तुतीकरण र छलफल गराउने ।

➢ सारांश गर्ने ।

☞ सहभागीहरूको विचारबाट आएका कुराहरूको सार खिच्ने ।

☞ अनुसूची ४ को व्याख्या गर्ने ।

<u>सामाग्री</u>

➢ आवश्यकता र चाहना खेलको ४ सेट (अनुसूची ३)

➢ न्युजप्रिन्ट कागजहरू

➢ पर्मानेन्ट मार्कर

➢ पेपर टेप

➢ कैंची

➢ ब्लु-टेक

➢ मानव अधिकारको विश्वव्यापी घोषणा

➢ बाल अधिकार महासन्धी

➢ अन्तराष्ट्रिय श्रम संगठनको महासन्धी १३८

➢ रावलपिण्डी र कोलम्बो घोषणा

➢ विभिन्न अन्तर्राष्ट्रिय । क्षेत्रीय कानूनहरूको सार (अनुसूची ४)

दिन २। क्रियाकलाप ०३	राष्ट्रिय मापदण्डहरू	१ घण्टा३०मिनेट

उद्देश्यः

- सहभागीहरूले बालश्रम सम्बन्धी नेपाली कानूनहरूबारे जानकारी पाएका हुनेछन् ।

क्रियाकलाप

- कक्षालाई ५ समूहमा बाँढेर निम्न अनुसार कानूनहरूमा बालश्रम सम्बन्धी व्यवस्था भएका कुराहरू केलाउन लाउने

  - समूह १ नेपालको सम्विधान
  - समूह २ बाल ऐन
  - समूह ३ श्रम ऐन
  - समूह ४ मुलुकी ऐन
  - समूह ५ सरकारको बालश्रम सम्बन्धी राष्ट्रिय नीति र कार्यक्रम (आठौं योजना (१९९७-९७)

- प्रस्तुती र छलफल गराउने ।
- सहभागीहरूबाट प्रस्तुत र छलफलबाट आएका कुराहरूको सार खिच्ने ।
- सारांश गर्ने
  - बालश्रमको लागि उमेरको हद निर्धारणः १४ वर्षभन्दा कम उमेरका "नाबालक" हुनाले कुनै पनि श्रममा रोजगारको रूपमा लाउन बन्देज।
  - बालश्रमको लागि निश्चित कामको सीमा निर्धारणः निश्चित किसिमका काम वा समय निम्ति १४-१६ वर्ष वीचको "किशोर"हरूलाई रोजगारीमा लगाउन सकिने व्यवस्था ।
  - भेदभाव (समान कामको समान ज्याला) हीनता ।
  - दासत्व बँधुवा तथा जबरजस्ती बालश्रमको उन्मूलन ।
  - बालश्रमिकहरूको संरक्षणर सुरक्षाको व्यवस्था ।
  - जोखिमपूर्ण र खतरनाक काममा बाल बालिकालाई लगाउन बन्देज ।
  - बालश्रमिकहरूको शिक्षा, स्वास्थ्य सेवा र अन्य आधारभूत सेवाहरूको प्रवन्ध गरी बालबालिकाहरूको स्वस्थ हुर्काइ र विकास निम्ति अवसर र्सिजना ।
  - सरकारी संयन्त्रहरूको संस्थापना र जन चेतना अभिवृद्धि गर्ने उपायहरू।

राजनीतिक प्रतिवद्धताको कमी, अनुगमन संयन्त्रहरूको कमी, कार्यान्वयमा प्रभावहीनता आदि कुराहरूले सरकारी कानूनहरू, नीति र कार्यक्रम त्यति सशक्त हुन नसकेको प्रष्ट छ भन्ने कुरा प्रष्टयाउने ।

सामाग्री

- न्युजप्रिन्ट कागज
- पर्मानेन्ट मार्कर
- नेपालको संविधान
- नेपालको बालबालिका ऐन
- श्रम ऐन
- मुलुकी ऐन
- राष्ट्रिय नीति र कार्यक्रम (अनुसूची ५)
- पेपर टेप
- कैंची

दिन २। क्रियाकलाप ०४	उद्देश्य वृक्ष	१ घण्टा३० मिनेट

उद्देश्यः

- सहभागीहरूद्वारा उद्देश्य वृक्षको अभ्यास गरी उद्देश्य निर्धारण गर्ने तरिका बुझेका हुनेछन् ।

क्रियाकलाप

- ओभरहेड प्रोजेक्टरबाट उद्देश्य वृक्षको उदाहरण देखाई समस्या वृक्षसित दाँजेर प्रष्टयाउने
- निम्न समस्या सम्बन्धी उद्देश्य वृक्षको अभ्यास गर्न समूह विभाजन गर्नेः

  - कृषिमा बालश्रम
  - बँधुवा बालश्रम
  - ग्रामीण क्षेत्रमा गैर कृषि बालश्रम
  - ग्रामीण क्षेत्रबाट आप्रवासी बालश्रम
  - शोषणयुक्त बालश्रम
  - जोखिमयुक्त बालश्रम

- प्रस्तुती र छलफल गराउने मिलाउनु पर्ने कुराहरू भए मिलाउने।

सामाग्री

- न्युजप्रिन्ट कागज
- ट्रान्सपरेन्ट फिल्ममा उद्देश्य वृक्षको उदाहरण (अनुसूची ६)
- ओभरहेड प्रोजेक्टर
- ओ.एच.पी. कलम
- न्युजप्रिन्ट कागज
- मार्कर कलम

दिन २। क्रियाकलाप ०५	कार्ययोजना निम्ति ढाँचा	४५मिनेट

उद्देश्यः

- कार्ययोजनाका आवश्यक तत्वहरू सम्बन्धमा जानकारी पाएका हुनेछन् ।

क्रियाकलाप

- कार्ययोजना तर्जुमा गर्न के के कुरामा ध्यान दिनुपर्छ? भन्ने प्रश्न राखी उत्तरहरू न्युजप्रिन्टमा टिप्ने ।
- कार्ययोजना तर्जुमा गर्न आवश्यक हुने तत्वहरू सम्बन्धी निम्न तालिका टाँसी प्रष्टयाउनेः

कार्ययोजनाको ढाँचा

१. विषय (के गर्ने हो? वा गर्न लागिएको काम के हो?)
(उदाहरणः बाल श्रमिकहरूका लागि अनौपचारिक शिक्षा यो विषय किन छानेको हो भन्ने स्प्रष्टीकरण र अन्य विवरण)

२. स्थान (कहाँ गर्ने?)
(कार्ययोजना संचालन गर्ने ठाउँको विवरणः जिल्ला, गा.वि.स., वडा, टोल, आदि विवरण)

३. समयावधि (कहिले?)
(यस कार्ययोजना कति समयको हुनेछ, कहिले सुरू भई कहिले पूरा हुनेछ, आदि विवरण।)

४. लक्षित समूह (को?)
(यस कार्ययोजनाबाट फइदा पाउने को हुन्? कुन लिङ्ग, जाति, उमेर समूहका र कतिजना हुनेछन्? आदि विवरण।

५. उद्देश्य (किन?)
(यस कार्ययोजना किन संचालन गर्न लागिएको हो र यस योजना पूरा भएपछि के प्राप्त हुनेछ भन्ने विवरण)

६. प्रक्रिया (कसरी?)
(यस कार्ययोजना कसरी संचालन गरिनेछ, कुन कुन कामहरू गर्नुपर्छ, के कस्ता संसाधन चाहिन्छन्, ती संसाधनहरू कहाँ कहाँ पाइन्छन्, कुन कुन श्रोतबाट ती संसाधनहरू उपलब्ध हुनेछन्, ती संसाधनहरू कहिले चाहिन्छन्, कुन कामका लागि को को जिम्मेवार छन्, अनुगमन कसरी गर्ने आदि विवरण)

कामहरू	आवश्यक संसाधन	स्रोत	समय	जिम्मेवार

७. बजेट (कति?)
(कुन कुन काममा के के शीर्षकमा कति कति खर्च लाग्छ, कति रकम कुन कुन स्रोतबाट प्राप्त हुन्छ, आदि विवरण)

उद्देश्यलाई खँदिलो पार्ने तरिकाः

उद्देश्यलाई खँदिलो पार्न ५ कुरा आवश्यक पर्छः

- ☞ विशेष (उद्देश्य जहिले पनि विशेष हुन्छ, कहिले पनि सामान्य नराख्ने वा प्राप्त गर्न चाहेको ठोस कुरा राख्ने, धेरै कुरा नराख्ने।)
- ☞ मापनीय (उद्देश्य नाप्न सकिने हुनुपर्छ अर्थात् के, कहाँ, कसलाई कहिलेसम्म, कति भन्ने प्रष्ट हुनुपर्छ।)
- ☞ प्रापनीय (उद्देश्य प्राप्त गर्न सकिने वा संभाव्य हुनुपर्छ ।)
- ☞ सान्दर्भिक (काम वा समस्यासित सम्बन्धित वा एकदम जल्दो बल्दो सवाल हुनुपर्छ।)
- ☞ समयाबद्ध (कति समयभित्र निर्धारित उपलब्धीहरू प्राप्त गर्न सकिने हो भन्ने प्रष्ट हुनुपर्छ।)

उदाहरण

"२ वर्ष भित्र रामपुर गा.वि.स. का २०० कृषि बाल श्रमिकहरूका लागि अनौपचारिक शिक्षा कार्यक्रम संचालन गरी साक्षर भएका हुनेछन् ।"

<u>सामाग्री</u>

- ➢ न्युजप्रिन्ट कागज
- ➢ सेतो पाटी
- ➢ बोर्ड मार्कर कलम
- ➢ पेपरटेप
- ➢ कैंची

दिन २। क्रियाकलाप ०६	कार्ययोजनाका निम्ति विषय छनौट	४५ मिनेट

उद्देश्यः

- बालश्रम उन्मूलन निम्ति कार्ययोजनाका लागि विषयहरूको छनौट भएको हुनेछ ।

क्रियाकलाप

- कृषि क्षेत्रमा बालश्रम उन्मूलनका लागि कुन कुन विषयमा कार्ययोजना बनाउन सकिन्छ भनी प्रश्न सोध्ने। प्राप्त उत्तरहरू न्यूजप्रिन्टमा टिप्ने।
- बर्गीकरण गर्ने ।

☞ सुझाव

वकालत

- सचेतनता अभियान
- कानूनी सहायता
- संचार तथा संचार कार्य (Media Work)
- गोष्ठी, भेला
- सामाग्री निर्माण र प्रसार
-

बन्धनमुक्ति

- स्वैच्छिक
- कानूनी कार्यवाही
- "माघी" मा हस्तक्षेप
- स्वाधीनता समारोह
- समूह संगठन निर्माण
-

पुनर्स्थापन

- विशेष। आधारभूत शिक्षा
- व्यावसायिक तालिम
- सीप तालिम
- सहकारी
- आयमूलक। आयवृद्धि कार्यक्रम
- संरक्षण गृह
-

स्रोत परिचालन

- स्थानीय स्रोत परिचालन
- अनुगमन
-

सामाग्री

- सेतोपाटी
- बोर्डमार्कर
- न्युजप्रिन्ट कागज
- पर्मानेन्ट मार्कर
- पेपर टेप

दिन २। क्रियाकलाप ०७	पुनरावलोकन	३० मिनेट

उद्देश्यः

- सहभागीहरूले दिनभरिको कक्षाको समीक्षा गरी महत्वपूर्ण सिकाइहरूबारे लेखाजोखा गरेका हुनेछन् ।

क्रियाकलाप

- विहानदेखि के के गऱ्यौं भनी सोध्ने र पालै पालो भन्न लाउने । प्राप्त उत्तरहरू सेतोपाटीमा टिप्दै जाने ।
- महत्वपूर्ण क्रियाकलाप सम्बन्धमा के छलफल भयो वा के निस्कर्ष निकालियो भन्ने बताउन लाउने ।
- आजको कक्षा पूरा भएको जानकारी गराई धन्यवाद दिने ।
- सभाध्यक्षद्वारा तालिम भोलि बिहानसम्मका लागि स्थगन भएको घोषणा गराउने ।

सामाग्री

- सेतोपाटी
- बोर्डमार्करहरू
- डस्टर

दिन ३। क्रियाकलाप ०१	प्रारम्भ	३० मिनेट

उद्देश्यः

- सहभागीहरूद्वारा अघिल्लो दिनको कक्षाको स्मरण र मूल्याङ्कन गरी अर्को दिनको वातावरण तयार गरेका हुनेछन् ।

क्रियाकलाप

- सभाध्यक्षद्वारा अर्को दिनको कार्यक्रम सुरू भएको घोषणा गर्दै स्वागत गर्ने।
- गत दिनको प्रतिवेदन तथा मूल्याङ्कन सुनाई छलफल गर्नु पर्ने भए गराई सच्याउने ।
- संचालन समिति पुर्नगठन गर्ने र दायित्व हस्तान्तरण गराउने ।

सामाग्री

- संचालन समितिको फर्मेट
- पर्मानेन्ट मार्कर

दिन ३। क्रियाकलाप ०२	प्राथमिकता निर्धारण	१ घण्टा३० मिनेट

उद्देश्यः

- सहभागीहरूले कार्ययोजना तर्जुमा निम्ति विषयहरूको प्राथमिकता निर्धारण गरेका हुनेछन् ।

क्रियाकलाप

- क्रियाकलाप २।०६ मा छानिएका विषयहरूको श्रेणीबद्ध सूची टाँसी ४ समूहमा विभाजन गरी प्रत्येक विषयको प्राथमिकता निर्धारण कारणसहित गर्न लाउने ।
- प्रस्तुतीकरण र छलफल गराउने। प्राप्त सुझावहरू अनुसार सुधार गर्ने र सामूहिक प्राथमिकता तोक्ने ।

सामाग्री

- सेतोपाटी
- बोर्डमार्कर
- न्युजप्रिन्ट कागज
- पर्मानेन्ट मार्कर
- पेपर टेप
- कैंची

दिन ३। क्रियाकलाप ०३	कार्य योजना तर्जुमा	३० मिनेट

उद्देश्यः

- सहभागीहरूले कार्ययोजना तर्जुमाको अभ्यास गरी तयार गरेका हुनेछन् ।

क्रियाकलाप

- क्रियाकलाप ३।०३ मा छानिएका विषयहरूमध्ये न्युनतम् रूपमा प्रत्येक श्रेणीका १।१ विषय छान्न लाउने।
- कक्षालाई ४ समूहमा विभाजन गरी योजना तर्जुमाको ढाँचा अनुरूप कार्ययोजना तयार गर्न लाउने ।
- प्रस्तुती र छलफल गराउने तथा प्राप्त सुझाव अनुरूप सच्याउने ।

सामाग्री

- न्युजप्रिन्ट
- पर्मानेन्ट मार्कर
- पेपर टेप
- कैंची
- क्रियाकलाप ३।०२ मा छानिएका विषयहरूको प्राथमिकता निर्धारण गरिएको सूची ।

दिन ३। क्रियाकलाप ०४	अनुगमन	१ घण्टा ३० मिनेट

उद्देश्यः

- सहभागीहरूले कार्ययोजनाको अनुगमन योजना तयार गरेका हुनेछन् ।

क्रियाकलाप

- "अनुगमन" भनेको के हो? भन्ने प्रश्न राखी मस्तिष्क मन्थन गराउने र प्राप्त जवाफहरू न्युजप्रिन्ट कागजमा टिप्ने ।
- सारांश निम्नानुसार गर्ने र प्रष्ट पार्नेः

अनुगमन भनेको कार्यक्रम।आयोजना। कार्ययोजना संचालन गर्दा निरन्तर रूपले र निश्चित समयमा निरीक्षण र लेखाजोखा गर्ने प्रक्रिया हो । कार्यक्रम संचालन गर्न आवश्यक सामाग्री, लगानी, जनशक्ति, आदि योजना अनुसार समयमै पुगेको छ छैन आवश्यक परिमाण र गुण छ छैन तथा त्यसबाट परिलक्षित क्रियाकलापहरू भैरहेको छ छैन र ती क्रियाकलापहरू आवश्यक गुणस्तरयुक्त छ छैन भन्ने निरीक्षण र लेखाजोखा गर्नु नै अनुगमन हो । अनुगमनमा गरिने कार्यः

१. तथ्याङ्क संकलन २. तथ्याङ्कको छानबिन ३. स्थलगत निरीक्षण। अवलोकन
२. समस्या भए समाधान ५. सुझाव ४. प्रतिवेदन

- क्रियाकलाप ३।०३ मा तयार गरिएका कार्य योजनाको अनुगमन योजना गर्नुमा गर्न निम्न ढाँचा प्रष्ट पारी ४ समूहमा विभाजन गर्ने र अनुगमन योजना फारम (अनुसूची ७) वितरण गर्ने र भर्न लाउनेः

अनुगमन योजना

कार्यक्रम।कार्ययोजना नामः .....

जिल्ला..... गा.वि.स. .....वडा

लक्षित कार्य		संसाधन					जिम्मेवार	कैफियत
क्रियाकलाप	समय	सामाग्री	स्रोत	जनशक्ति	रकम	स्रोत		

- "अनुगमन" गर्दा के के कुरामा विचार पऱ्याउनुपर्छ? भन्ने प्रश्न राखी उत्तरहरू न्युजप्रिन्टमा टिप्ने ।
- "अनुगमन फारम"सम्बन्धी निम्न ढाँचा प्रष्ट गरी अनुगमन। सुपरीवेक्षण फारम (अनुसूचीद) वितरण गर्ने तथा छलफल पछि थप-घट गरी मिलाउनुपर्ने भए मिलाउने ।

सामाग्री

- न्युजप्रिन्ट कागज
- पर्मानिन्ट मार्कर
- सेतोपाटी
- पेपर टेप
- कैंची
- अनुगमन योजना फरम (अनुसूची ७) को हेण्डआउट र ट्रान्सपरेन्ट फिल्म
- अनुगमन। सुपरिवेक्षण फारम (अनुसूची८) को हेण्डआउट र ट्रान्सपरेन्ट फिल्म
- ओभरहेड प्रोजेक्टर

दिन ३। क्रियाकलाप ०५	अनुगमन संयन्त्रको स्थापना	१ घण्टा

उद्देश्यः

- कृषि बालश्रम शोषणको अनुगमन संयन्त्र स्थापना गर्ने आधार भएको हुनेछ ।

क्रियाकलाप

- बाल अधिकार महासन्धी तथा बाल ऐन अनुरूप केन्द्रिय तथा जिल्ला तहमा अनुगमन संयन्त्र स्वरूप बाल कल्याण समितिको व्यवस्था भएको प्रष्ट पार्ने ।
- स्थानीय तहमा (खासगरी गा.वि.स. तहमा) यस्तो संयन्त्र आवश्यक भएको प्रष्ट पार्दै तीन समूहमा विभाजन गरी निम्न अनुसार छलफल गरी न्युजप्रिन्टमा तयार गर्न लाउनेः
  - समूह क - अनुगमन समितिमा को वा कस्ता व्यक्तिहरू रहने छन्?
  - समूह ख - अनुगमन समितिको भूमिका वा दायित्व के के हुनेछन् ?
  - समूह ग - समितिको कार्यविधि वा संचालन प्रक्रिया कस्तो हुनेछ?
- प्रस्तुतीकरण र छलफल गराउने
- "अनुगमन" समितिका लागि आवश्यक खर्चको व्यवस्था कसरी गर्ने? भन्ने विषयमा मस्तिष्क मन्थन गराई प्राप्त जवाफहरू न्युजप्रिन्ट कागजमा टिप्ने ।
- धन्यवाद दिने

सामाग्री

- बालबालिका ऐन
- न्युजप्रिन्ट कागज
- पर्मनेन्ट मार्कर
- पेपर टेप
- कैंची

दिन ३। क्रियाकलाप	समापन	३० मिनेट

उद्देश्यः

- प्रशिक्षण कार्यक्रम समापन भएको हुनेछ ।

क्रियाकलाप

- तालिम आयोजकहरूको तर्फबाट प्रशिक्षण पूरा भएको घोषणाका साथ तालिम मूल्याङ्कन फारम वितरण गरी भर्न लाउने र संकलन गर्ने।
- दैनिक प्रतिवेदन र मूल्याङ्कन प्रतिवेदन सुनाउन लाउने, छलफल भएमा र थप-घट गर्नु पर्ने भएमा गर्न लाउने।
- सबै सहभागीहरूलाई हातमा बलेको मैनबत्ती लिएर आँखा चिम्लेर उभिन लाउने तथा स्रोत व्यक्तिले विस्तारै निम्न पाठ पढी सुनाउनेः

> मेचीदेखि महाकाली बीचमा लाखौं लाख बालबालिकाहरू जीवन, स्वास्थ्य, शिक्षा र बालकपनबाट बञ्चित भएर कष्टसाध्य आवस्थामा काम गरिरहेका छन् । जीवनको आनन्दमा हाँस्दै, खेल्दै हुर्कनु पर्ने बेलामा उनीहरूलाई गोठाला, खेताला, बँधुवा श्रमिक, घरेलु नोकरी, देहव्यापार र अन्य पेशामा संलग्न गराइएको छ। आफ्नो जीवन निर्वाह मात्र नभई परिवारको अर्थोपार्जन र भरणपोषण गर्न उनीहरूलाई बाध्य तुल्याइएको छ ।
>
> बालश्रमको बाध्यता हाम्रो राजनैतिक, आर्थिक र सामाजिक-सांस्कृतिक प्रणालीहरूद्वारा निर्मित सामाजिक संरचनाद्वारा सिर्जित हो । त्यसैले यसलाई फेर्न सकिन्छ र पर्छ बालश्रम उन्मूलन गर्नैपर्छ र यो तुरून्तै संभव पनि छैन । तर शोषणयुक्त र जोखिमपूर्ण श्रमको भुङ्ग्रोमा पिल्सिरहेका लाखौं बालबालिकाहरूलाई भने तत्कालै त्यसबाट मुक्ति चाहिएको छ । शोषण र अन्यायको पीडामा छट्पटाइरहेका बालश्रमिकहरूको मुक्ति कार्यमा सहयोग गर्न हामी यहाँ उपस्थित भएका हौं । यस महान कार्यमा म के योगदान गर्न सक्छु.....

- आँखा खोली आ- आफ्नो ठाउँमा बस्न लाउने र कसैलाई केही भन्ने इच्छा भए बोल्न लाउने
- आयोजकहरूको तर्फबाट धन्यवाद ज्ञापन गर्ने।
- सभाध्यक्षबाट तालिम समाप्त भएको र कार्यक्रम विसर्जन गरिएको घोषणा गराउने ।

सामाग्री

- मैनबत्ती
- सलाइ

अनुसूची १

मुक अभिनय

१. केही केटाकेटीहरू खेलिरहेका छन् । अलि पर एक जना गरीब किसान बसिरहेका हुन्छन् । उनी मलिन देखिन्छन् । एउटा मोटो धनी मानिस आउँछ र वरिपरि हेर्छ । उसले दुई रूपियाँको नोट निकाल्दै ती गरीब मानिसलाई काम गर्नका लागि उसँग जानको लागि भन्छ । तर ती मानिसले धनीसँग बढी रूपियाँ दिए मात्र जाने कुरा गर्छन् । रूपियाँ नबढाइएकोले उनी काम गर्न जाँदैनन् । त्यो मोटो मानिस केटाकेटी खेलिरहेको ठाउँमा गई १ रूपियाँको नोट देखाएर सबै केटाकेटीहरूलाई भारी बोकाउन लैजान्छ । गरीब मानिस त्यो दृश्य टुलुटुलु हेरिरहन्छन् ।

२. एक जना श्रमिक खेतमा काम गरिरहेका हुन्छन् । यतिकैमा उनी भक्क ढल्छन् र मर्छन् । उनकी श्रीमती र छोरा छोरी वरिपरि आएर रून कराउन लाग्छन् । एउटा मोटो मानिस आउँछ । उसले त्यो लास त्यहाँबाट उठाउने आदेश दिन्छ । केटाकेटीहरूको रूवाबासीलाई वास्ता नगरिकन उनीहरू भएपट्टि जान्छ । ती मध्ये सबैभन्दा ठूलोलाई समाउँछ र उसको हातमा कोदालो थमाउँछ । उसको बाबुको काम गर्नका लागि भन्छ । उसको आमाले त्यसो नगर्नका लागि मालिकसँग अनुरोध गर्छे । तर त्यस मानिससंग मर्ने गरीब मानिसले रू ५ हजार नगद लिएको कागज देखाउँछ । उसले त्यो केटाको हातमा उसको बाबुको कोदालोले खेत खन्ने आदेश दिन्छ । उसकी आमा र भाइ र बहिनीहरू मलिन अनुहार लगाएर त्यो दृष्य हेर्छन् ।

३.एउटी महिला धान रोपिरहेकी हुन्छिन् । उनको लोग्ने जोतिरहेको हुन्छ । एउटा मोटो मानिस तिनीहरूलाई काम अह्राइरहेको हुन्छ । एउटा बालक बाख्रा हेरिरहेको हुन्छ । एउटी बालिका गाई चराइरहेकी हुन्छे । अर्को एउटा बालक सानी नानी हेरिरहेको हुन्छ । नजिक केही केटाकेटीहरू गीत गाउँदै स्कूल गइरहेका हुन्छन् । किसानको परिवारले ती स्कुले केटाकेटीहरूपट्टि हेर्छन् । जमिन्दार किसान परिवारलाई नअलमलिकन काम गर्नको लागि हप्काउँछ ।

क्रियाकलाप १।०८

अनुसूची-२

समस्या वृक्ष



क्रियाकलाप १।०८

अनुसूची ३

"आवश्यकता वा चाहना" खेलका चित्रहरू



क्रियाकलाप २।०२

अनुसूची ४

बालश्रम सम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मापदण्डहरू

१. संयुक्त राष्ट्र संघ

१.०१ मानव अधिकारको विश्वव्यापी घोषणा (१० डिसेम्बर १९४८, सम्मीलन १९५५)

- सबै मानिस (जात, लिङ्ग, रंग, उमेर, आदि) को स्वतन्त्रता र समानता (धारा १)
- बाँच्ने अधिकार (धारा ३)
- दास, दास सरह व्यवहार र दासताको निषेध (धारा ४)
- यातना, क्रुर, अपमानजनक र अमानवीय व्यवहार वा सजायको निषेध (धारा ५)
- सामाजिक सुरक्षा र विकासको हक (हक २२)

१.०२ आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध (१६ डिसेम्बर १९६६ मा पारित, ३ जनवरी १९७६ मा लागु र नेपाल सम्मिलित १९९१)

- न्यायपूर्ण ज्याला, इज्जतपूर्ण जीवन, सुरक्षित र स्वस्थ कामको अवस्था, आराम, विदा, मनोरञ्जन, आदि राज्यले व्यवस्था गर्नुपर्ने (धारा ७)
- बालबालिकाहरूलाई बिना कुनै भेदभाव सुरक्षा र सहयोग गर्नु, उनीहरूको आर्थिक र सामाजिक शोषणबाट उनीहरूको संरक्षण गर्नु, उनीहरूको जीवन, नैतिकता, स्वास्थ्य र विकासमा हानि पुग्न सक्ने कामबाट संरक्षण गर्नु तथा निश्चित उमेर भन्दा साना नाबालकहरूलाई रोजगारीमा लाउन निषेध (धारा १०)
- निशुल्क र अनिवार्य प्राथमिक शिक्षा (धारा १३)

१.०३ नागरिक तथा सामाजिक अधिकार सम्बन्धी अनुबन्ध (१६डिसेम्बर १९६६ मा पारित, २३ मार्च १९७६ मा लागु र १९९१ मा नेपाल सम्मिलित)

- यातना, क्रुर, अमानवीय र अपमानजनक व्यवहार र सजायको बन्देज (धारा ७)
- दास,दास सरहको व्यवहार दासता र कुनै पनि रूपको दास-व्यापारको बन्देज तथा जबरजस्ती (वा बाध्यात्मक) श्रम वा अनिवार्य श्रमको बन्देज (धारा ८)
- कुनै संझौतात्मक दायित्व पूरा गर्न नसकेको आधारमा बन्दी बनाउन निषेध (धारा ११)
- कुनै पनि जात, लिङ्ग, भाषा, सामाजिक वा राष्ट्रिय उत्पत्ति, सम्पत्ति वा जन्म, धर्म, रंग आदिका आधारमा कुनै पनि बालबालिकालाई परिवार, समाज र राज्यले सुरक्षा प्रदान गर्नुपर्ने (धारा २४)

१.४ बाल अधिकार महासन्धी (१९८९ मा पारित र १९९१ मा नेपाल सम्मिलित)

- बालबालिकाको सर्वोत्तम हित विपरित हुने अवस्थामा बाहेक आफ्नो आमा बाबुसंग बस्ने अधिकार (धारा ९)
- गाली गलौज, बेइजज्ती र मानहानिबाट संरक्षित हुने अधिकार (धारा १६)
- हेला र दुव्यवहारबाट सुरक्षित हुने अधिकार (धारा १९)
- परिवारविहिन बालबालिकाहरूको स्याहार, संरक्षण र उपचारको व्यवस्था राज्यले गर्नुपर्ने र अनुगमन गर्ने (धारा २५)

- शारीरिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक जीवन स्तरको विकासका लागि पर्याप्त अवसरको अधिकार (धारा २७)
- अनिवार्य र निःशुल्क प्राथमिक शिक्षाको अधिकार (धारा २८)
- खेल्ने, आराम गर्ने र संस्कृति सम्बन्धी अधिकार (धारा ३१)
- शिक्षा, स्वास्थ्य र विकासमा हानि पुऱ्याउने र जोखिमपूर्ण काममा लगाउन बन्देज, काम गर्ने न्यूनतम् उमेर निर्धारण, काम गर्ने समय, अवधि तथा स्वस्थ वातावरण सम्बन्धी सर्त निर्धारण, तथा बालश्रम शोषणको बन्देज (धारा ३२)
- यौन शोषणबाट संरक्षण (धारा ३४)
- बेचविखन, सौदाबाजी, देवीदेवतालाई चढाउन र अपहरणबाट सुरक्षा (धारा ३५)
- यातना, क्रुर, अपमानजनक र अमानवीय व्यवहार वा सजायको बन्देज (धारा ३७)
- पीडित बालबालिकाहरूको पुनर्स्थापनाको व्यवस्था (धारा ३९)

२. अन्तर्राष्ट्रिय श्रम संगठन

- २. ०१ न्यूनतम् उमेर सम्बन्धी महासन्धी (नं. १३८) (लागु भएको १९ जुन १९७१ र नेपालको सम्मिलन ४ अक्टोबर १९९६)
- बालश्रमको प्रभावकारी रूपमा उन्मूलन (धारा १)
- अनिवार्य शिक्षा पूरा गर्दा पुग्ने उमेर भन्दा कम र कुनै पनि अवस्थामा १५ वर्ष भन्दा कम न्यूनतम उमेर हुने छैन र सम्बन्धित रोजगारदाता वा श्रमिक संघसित छलफल गरी सुरूमा १४ वर्ष कायम गरी बढाउँदै लानु पर्नेछ ।(धारा २)
- रोजगारी वा कार्यको प्रकृति वा कार्य सम्पादन गर्दाको परिस्थितिले श्रमिकको स्वास्थ्य सुरक्षा वा नैतिकतामा खतरा पार्न सक्ने काममा संलग्न हुने न्यूनतम् उमेर १८ वर्ष हुनेछ रोजगारदाता वा श्रमिक संघसित छलफल गरी स्वास्थ्य सुरक्षा वा नैतिकता पूर्ण रूप्मा सुरक्षित भए १६ वर्ष देखि काम वा रोजगार गर्ने व्यवस्था गर्न सक्नेछ ।(धारा ३)
- न्यूनतम् रूपमा पनि खानी, कारखाना, निर्माण, विद्युत, ग्यास र पानी, फोहोर मैला व्यवस्थापन सेवा, यातायात, भण्डारण र संचार, तथा नियमित रूपमा कामदार नलागाई गरिने पारिवारिक र स्थानीय उपभोगगका लागि सानो मात्राको खेती बाहेकको व्यापारिक प्रयोजनका लागि गरिने कृषि र बगान सम्बन्धी उद्यममा यो महासन्धी लागुहुने छ (धारा५)
- स्वास्थ्य र विकासका लागि हानिकारक नभएको तथा विद्यालय जान अवरोध नहुने हलुका किसिमको काम वा रोजगारी वा व्यावसायिक अभिमन्त्रणा (orientation) वा तालिममा १३ वर्ष पुगेको व्यक्तिलाई लगाउन सकिन्छ तथा सम्बन्धित रोजगारदाताहरू वा श्रमिक संघसित छलफल गरी सुरूमा १२ वर्ष कायम गरी बढाउँदै लानुपर्नेछ । त्यस्तै अनिवार्य विद्यालय शिक्षा पूरा गर्न बाँकी भएको तर १५ वर्ष पुगेको व्यक्तिलाई रोजगारीमा लगाउन सकिन्छ तथा सम्बन्धित रोजगारदाताहरू वा श्रमिक संघसित छलफल गरी सुरूमा १४ वर्ष कायम गरी बढाउँदैलानुपर्ने छ । कानून वा सम्बन्धित अधिकारीले ताकिए बमोजिमका रोजगारी वा काम, काम गर्न पाउने अवस्था र समयावधि हुनेछ । (धारा७)
- महासन्धीका प्रावधानहरू प्रभावकारी कार्यान्वयन गर्न उपयुक्त दण्ड सजाय लगायत सम्पूर्ण उपायहरू अवलम्बन गर्नु पर्ने (धारा ८)
- १८ वर्ष भन्दा कम उमेरका कामदारको नाम, उमेर वा जन्ममिति संभव भएसम्म रितपूर्वक प्रमाणित गराई कानून बमोजिम अभिलेख रोजगारदाताले राख्नुपर्नेछ ।(धारा९)

३. दक्षिण एशियाली सहयोग संगठन (सार्क)

३. ०१ रावल्पिण्डी घोषणा

➢ सामान्य रणनीतिक सिद्धान्तहरूः

१. बाल अधिकार सम्बन्धी महासन्धीको धारा ३२ मा प्रतिपादित बालश्रमको परिभाषालाई एकांगी रूपमा नहेरी उक्त महासन्धीका अन्य सिद्धान्तहरूको अंगको रूपमा लिइनुपर्छ।

२. बालश्रम सामाजिक र आर्थिक कारणहरूको परिणाम हुनाले वकालत, नीति र कार्यक्रममा लैंगिक परिप्रेक्षलाई प्रष्ट र पूर्ण रूपमा समावेश गरिनुपर्छ ।

३. सार्क क्षेत्रभित्र विद्यमान बँधुवा बालश्रम, बालबालिकाको बेचविखन, देहव्यापार र जोखिमपूर्ण उद्यमहरूमा रोजगारी समेतका अति खतरनाक घृणास्पद रूपका बालश्रमलाई उन्मूलन गर्नका लागि अविलम्ब कार्यवाही गर्नु आवश्यक छ ।

४. वकालत बालश्रम उन्मूलनको संभौताहीनता र संभाव्यतामा जोड दिँदै बाल अधिकार महासन्धीका सिद्धान्तहरूमा आधारित हुनै पर्छ । बालपन बालबालिकाहरूको अधिकार हो र बाल कामदार वा परिवार पालनकर्ता होइन भन्ने मान्यताबाट प्रारम्भ गरिनै पर्छ।

५. द्रूत परिमाणका लागि समयावद्ध क्षेत्रीय लक्ष्यहरूलाई राष्ट्रिय र स्थानीय निशानाहरूमा रूपान्तरण गरिनु पर्छ ।

६. शिक्षा नै सबै प्रकारका सामाजिक असमानताहरू हटाउने उपाय हो । गरीब, सुविधाहीन, अशिक्षित बालबालिकाहरू फेरि गरीब, सुविधाहीन र अशिक्षित बालबालिकाहरूका आमा बाबु बन्ने भीषण चक्रलाई भत्काएर मात्र बालश्रम उन्मूलन गर्न सकिन्छ ।

७. आय वृद्धि, न्यूनतम् ज्याला, महिला, सशक्तिकरण, कानून कार्यान्वयन, पीडित परिवारका लागि सामाजिक सेवा, आदि जस्ता शिक्षाका पूरक रणनीतिहरू पनि संगसंगै लागु गरिनुपर्छ ।

८. बालश्रम समस्या निराकरण गर्नका लागि सबै क्षेत्रका मन्त्रालयहरू र विभागहरूको योजना र बजेटमा समावेश भएका बहु-क्षेत्रीय विधिहरू आवश्यक हुन्छन् ।

९. बालश्रम उन्मूलन गर्ने कार्य सरकारको मात्र दायित्व नठहऱ्याई सबै क्षेत्रहरू, स्वयंसेवी संस्थाहरू, मानव अधिकार समूहहरू, वकिलहरू, संचार जगत, श्रमिक संगठनहरू, व्यवसायी संघहरू, आदिलाई परिचालन गर्नु अत्यावश्यक छ ।

१०. बाल अधिकार महासन्धीका प्रावधानहरूसित राष्ट्रिय कानूनहरूलाई मिलाउनु आवश्यक छ । बँधुवापन, देहव्यपार, शिक्षा, स्वास्थ्य र भेदभावबाट सुरक्षा जस्ता विविध राष्ट्रिय कानूनहरूलाई सबै रूपका बालश्रमले भङ्ग गर्छन् । कानून निर्माण र कार्यान्वयन गर्ने संयन्त्रहरूलाई सुदृढ पार्ने पर्छ ।

सार्क क्षेत्रका देशहरूमा बालश्रमको अवस्था र प्रबृत्तिको अनुगमन, निरीक्षण तथा प्रतिवेदन कार्यलाई सहज पार्नका लागि सूचना आदान-प्रदान गर्न देश विशेषका संगठनात्मक र सामाजिक संयन्त्रहरू निर्माण गरिनु अत्यावश्यक छ ।

क्रियाकलाप २ ।०२

अनुसूची ५ क

बालश्रम उन्मूलन सम्बन्धी राष्ट्रिय नीतिहरु

नेपालको सातौं योजना (१९८५-१९९०)मा बालबालिका सम्बन्धी योजना पहिलो पटक तर्जुमा भयो जसमा बाल्यावस्था देखि नै चौचर्फी विकासका लागि सुविधा उपलब्ध गराइएको खण्डमा नै बालबालिकाहरू भविष्यका शारीरिक, मानसिक र बौद्धिक रूपले सक्षम नागरिक बन्न सक्छन् भन्ने उल्लेख भएको छ ।

आठौं पञ्चवर्षिय योजना (१९९२-९७० को नीति

क. विद्यालय छोड्ने दर घटाउन, शिक्षाको गुणस्तर सुधार्न र केटीहरूको विद्यालय भर्ना बणउन विशेष उपायहरू अवलम्बन गरिनेछन् । विद्यालय जाने उमेरका बालबालिकाहरूलाई निःशुल्क प्राथमिक शिक्षा उपलब्ध गराइने छ ।

ख. बालबालिका सम्बन्धी कानूनहरू बारे सूचना प्रवाहित गर्न गैर सरकारी संघ संस्थाहरूलाई प्रोत्साहन दिइने छ । तथा यस्ता कानूनहरू उल्लंघन गर्नेहरूलाई दण्डित गर्नका निम्ति सरकारलाई मद्दत गर्न यस्ता संघ संस्थाहरूलाई उत्प्रेरित गरिनेछ ।

ग. विशेष कठिन परिस्थितिमा भएका, बेवारिसे भएका, अनाथ भएका सडकमा आएका तथा लागु पदार्थको दुरूपयोगबाट प्रभावित बालबालिकाहरूको फाइदाको लागि कार्यक्रमहरू संचालन गरिनेछन् । यस्ता कार्यक्रममा संलग्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संघ संस्थाहरूलाई प्रोत्साहन तथा सुविधा दिइनेछ ।

घ. बाल विकास योजनाहरू कार्यान्वियन गर्नका लागि समन्वय र अनुगमन गर्ने उच्च स्तरीय राष्ट्रिय बालविकास परिषद गठन गरिनेछ ।

नवौं पञ्चवर्षिय योजनाको नीति

१. उद्देश्य

देशको सक्रिय, अनुशासित र जिम्मेवार नागरिक तयार गर्न बालबालिकाहरूको शारीरिक, मानसिक र शैक्षिक विकास गर्नु तथा उनीहरूको हक र हितको संरक्षण र प्रवर्द्धन गर्नु नै सरकारको उद्देश्य हो ।

२. नीति र रणनीतिहरू

(क) बाल संरक्षणः शिशुतथा नाबालकहरूको स्वास्थ्य सुनिश्चित गर्न रोकथाम, संरक्षण र उपचार सेवाहरू सुधार र विस्तार गरिनेछन् ।

(ख) कानूनी उपायहरूः बाल अधिकार र विकास सुनिश्चित गर्नका लागि बाल श्रम सम्बन्धी कानूनहरू प्रभावकारी रूपले कार्यान्वियन गरिनेछन् । बालबालिकाहरूलाई गैर कानूनी रूपले र जोखिमपूर्ण काममा रोजगारीमा लगाउने तथा बँधुवा बालश्रमका प्रचलनहरूलाई क्रमिक रूपले उन्मूलन गरिनेछ । तथा अन्धा, अपाङ्ग, अनाथ, भिखारी र सुस्तमनस्थिति भएका बालबालिकाहरूलाई आत्मनिर्भर बनाउन विशेष कार्यक्रम संचालन गरिनेछ ।यसका लागि सबै सरकारी र अर्द्ध सरकारी गैर सरकारी अन्तराष्ट्रिय गैर-सरकारी निकायहरूलाई परिचालन गरिनेछ । बाल अधिकार र विकास सम्बन्धी कार्यक्रमहरू समुदायमा आधारित प्रणालीद्वारासंचालन गरिनेछ । नेपालका दुर्गम ग्रामीण क्षेत्रहरूका ५ वर्ष मुनिका बालबालिकाहरूका लागि शिक्षा र अन्य अवसर उपलब्ध गराउन प्रासम्भिक बाल विकास कार्यक्रम लागु गरिनेछ ।

(ग) विकासः यस योजना अवधिमा व्यावहारिक रूपबाट प्राथमिक शिक्षालाई अनिवार्य बनाइनेछ।

नर्सरी -शिशु देखि पूर्व-प्राथमिक तहका बालबालिकाहरूको गुणात्मक र संख्यात्मक स्तरको वृद्धि गरिनेछ । यस सन्दर्भमा, बालिकाहरूको सहभागितालाई प्रोत्साहन गरिनेछ । यस्ता कार्यक्रमहरू सरकारी, अर्द्धसरकारी, गैर-सरकारी तथा अन्तराष्ट्रिय गैर-सरकारी निकायहरूको समन्वयमा संचालन गरिनेछन् ।

(घ सहभागिताः बालबलिकाहरूको व्यक्तित्व र मनोविज्ञानमा संचार माध्यमहरूले प्रत्यक्ष प्रभाव पार्ने हुनाले रेडियो र टेलिभिजन जस्ता संचार माध्यमहरूमार खासगरी बालबालिकाहरूका लागि प्रसारण गरिने कार्यक्रमहरूमा सहभागी हुन बालबालिकाहरूलाई प्रोत्साहन गरिनेछ ।

(ङ) समन्वय, अनुगमन र मूल्याङ्कनः बालबालिकाहरूको अधिकार विकास प्रवद्धन गर्नका लागि सरकार, अन्तर्राष्ट्रिय गैर-सरकारी संगठनहरू र राष्ट्रिय गैर-सरकारी संस्थाहरूले संचालन गरेका कार्यक्रमहरूको समन्वय, अनुगमन र मूल्याङ्कन गर्ने संस्थागत व्यवस्था गरिनेछ ।

क्रियाकलाप २ ।०२

अनुसूची ५ ख

बालबालिका तथा बिकास सम्बन्धी राष्ट्रिय कार्यवाहीको कार्यक्रम

नेपालद्वारा हस्ताक्षरित विश्व शिखर घोषणा र कार्य योजनाको अनुकूल ९० को दशक निम्ति सरकारले बाल बालिका तथा विकास सम्बन्धी दश वर्षे राष्ट्रिय कार्यबाहीको कार्यक्रम तर्जुमा गरेको छ । यस कार्यक्रमले पोषण, स्वास्थ्य, शिक्षा, विशेष कठिन परिस्थितिमा भएका बाल बालिका, गरीबी निवारण, खाद्य सुरक्षा र संचार जस्ता बाल विकास सम्बन्धी विभिन्न पक्षहरू अंगालेको छ । यस कार्यक्रमले अर्थिक शोषणबाट बाल श्रमिकहरूलाई संरक्षण गर्ने व्यवस्था तथा बाल श्रमको चलन अन्त्य गर्न काम गर्नु पर्ने कुरा महसुस गरेको छ । यस अन्तर्गत वैध रोजगारीमा भएका बाल बालिकाहरूको सर्त र अवस्थाहरू संरक्षण गरी उनीहरूको स्वस्थ हुर्काई र विकास निम्ति पर्याप्त अवसर कसरी उपलब्ध गराउन सकिन्छ भनी अध्ययन गर्ने कुरा छ । तथा बाल श्रमिक बन्न बाध्य पार्ने मूल कारणहरूलाई निराकरण गर्ने लक्ष्य समेत यसले किटान गरेको छ ।

नेपालले बाल अधिकार महासन्धीमा सेप्टेम्बर १९९० मा हस्ताक्षर गरेपछि त्यस महासन्धीमा भएका शर्तहरू कार्यान्वयन गर्ने कानूनी, प्रशासनिक र अन्य विविध उपायहरू अवलम्बन गरेको छ । उक्त महासन्धीले माग गरे बमोजिम नेपालले एउटा राष्ट्रिय प्रतिवेदन पनि फेब्रुवरी १९९५ मा तयार गऱ्यो । उत्पादनशील वयस्कहरूको रूपमा बढ्न सक्षम बनाउनका लागि बालबालिकाहरूलाई शिक्षा, स्वास्थ्य सेवा र अन्य आधारभूत सेवाहरूका लागि अझ राम्रो अवसर सरकारले गराउनु पर्छ भन्ने कुरामा सचेत भएको कुरा त्यस राष्ट्रिय प्रतिवेदनमा उल्लेख छ । त्यसले बाल बालिका सम्बन्धी ऐन र श्रम ऐन प्रभावकारी रूपले कार्यान्वयन गर्ने तथा तिनीहरूलाई क्रमिक रूपमा सुधर्दै थप क्षेत्रहरू समेट्ने कुरा उठाएको छ । अनौपचारिक क्षेत्रमा कार्यरत बालबालिकाहरूको संरक्षणका लागि उपयुक्त कानूनी व्यवस्था गर्ने पनि भनिएको छ र देशको चौंधे अञ्चलमा व्यवसायिक सीप सिकाउने विशेष केन्द्रहरू स्थापना गर्ने उल्लेख गरेको छ ।

वस्तुगत योजना तथा कार्यक्रम तर्जुमा गर्नका लागि बँधुवा समेत सबै श्रमिक बालबालिकाहरूको वास्तविक स्थिति सम्बन्धी आवश्यक तथ्यांक संकलन गर्न अध्ययन तथा सर्वेक्षणहरू गरिनुआवश्यक छ । लामो समयदेखि बालबालिकाहरू परिवारको आय आर्जनको माध्यम बनेका छन् । परिवारहरूको आय आर्जनका बैकल्पिक स्रोतहरू नहुञ्जेलसम्म कुनै न कुनै रूपमा बाल श्रम यथार्थ रहिरहनेछ । त्यसकारण, आधारभूत न्यूनतम ज्याला, लिङ्ग र शारीरिक तथा मानिसक क्षमता आधारित काम, एवं समयावधि घटाउने जस्ता खास-खास संरक्षणात्मक उपायहरू अवलम्बन गरिनु आावश्यक छ ।

सबै खाले श्रमिक बालबालिकाहरूको शोषण बारे जन चेतना अभिवृद्धि गर्ने उपायहरू अपनाउनु जरूरी छ । गैर-सरकारी संघ संस्थाहरू र स्थानीय समुदायहरूलाई दबाव समूहहरूको रूपमा कार्य गर्न अभिप्रेरित गर्नु आवश्यक छ ।

श्रम ऐन (१९९२), बालबालिका सम्बन्धी ऐन (१९९२), बालबालिकाहरूका लागि १० वर्षे राष्ट्रिय कार्यवाही कार्यक्रम राष्ट्रिय योजना आयोगको सचिवालयमा बाल तथा महिला विकास शाखाको स्थापना, श्रम मन्त्रालयमा बाल श्रम शाखाको स्थापना, महिला तथा समाजाज कल्याण मन्त्रालयको स्थापना, बालबालिकाहरूको अवस्था सम्बन्धी प्रतिवेदन प्रस्तुती, केन्द्रिय तथा जिल्ला तहमा बाल कल्याण समितिहरू को गठन एवं सूचना , शिक्षा तथा संचार कार्यक्रमहरूमा सहभागिता, आदि बालबालिकाहरू सम्बन्धित नीतिहरूको समन्वय गर्ने संयन्त्रहरू संस्थापना गर्न र महासन्धी कार्यान्वयनको अनुगमन गर्न का लागि सरकारद्वारा हालसालै संचालित गतिविधिहरू हुन् ।

क्रियाकलाप २ ।०३ (स्रोत : नेपालमा बालश्रमको अवस्था विश्लेषण)

अनुसूची ६

उद्देश्य वृक्ष



क्रियाकलाप २।०४

अनुसूची ७

अनुगमन योजना फारम

अनुगमन योजना

कार्यक्रम। आयोजना। कार्ययोजनाको नाम.....

जिल्ला..... गा.वि.स..... वडा.....

लक्षित कार्य		संसाधन					जिम्मेवार	कैफियत
क्रियाकलाप	समय (मिति)	सामाग्री	स्रोत	जनशक्ति	रकम	स्रोत		

क्रियाकलाप ३।०४

अनुसूची ८

अनुगमन । सुपरिवेक्षण											
कामको अवस्था				संसाधन			रकम		समस्या	अनुगमनमा गरिएको समाधान	सुझाव
लक्षित		भइरहेको		सामाग्री		जनशक्ति					
क्रियाकलाप	समय	क्रियाकलाप	समय	प्राप्त	खर्च	खर्च	प्राप्त	खर्च			

सुपरिवेक्षण कर्ता (नाम)

(सही) मितिः

क्रियाकलाप ३ ।०४